**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


# बहुदरमाई नगरपालिका बहुअरी पिडरी,पर्सा

# स्थानीय राजपत्र

भाग : १    खण्ड :४    संख्या :१    मिति: २०८०/०३/०४


भाग-१

बहुदरमाई नगरपालिका

बहुदरमाई नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको ऐन नं.१

बहुदरमाई नगरपालिकाको शिक्षा ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः-

बहुदरमाई नगरपालिकाको शिक्षा ऐन, २०७७ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, बहुदरमाई नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बहुदरमाई नगरपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरन्त प्रारम्भ हुनेछ।

**२. मूल ऐनको दफा २०, दफा २० को उपदफा १, २, ३ को सट्टा देहाय बमोजिमको दफा २०, उपदफा १,२,३ राखिएको तथा उपदफा ४ पछि उपदफा (४क) थपिएको छ :**

२०.    विद्यालय व्यवस्थापन समिति सम्बन्धी ब्यवस्था :

१) सामुदायिक विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्य रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) अभिभावकले आफुहरुमध्येबाट छानि पठाएका दुईजना महिला सहित चारजना –सदस्य

ख) विद्यालय रहेको गाउंपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदसयहरुमध्येबाट सो वडा समितिले मनोनय गरेको सदस्य –सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेको व्यक्तीहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना –सदस्य

घ) विद्यालयका शिक्षकले आफुहरुमध्येबाट छानी पठाएको एकजना –सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

२) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरस्तरका उद्योग वाणिज्य महासंघका एकजना प्रतिनिधि र नगर प्रमुखले तोकेको एक जना उद्योगी व्यवसायी वा बजार प्रतिनिधी गरि दुईजना सदस्य रहनेछन ।

**(३)** उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४क) विद्यालयमा विद्यालय ब्यवस्थापन समिति गठन गर्दा सम्बन्धित विद्यालयले पर्यवेक्षकको रुपमा भाग लिन नगरपालिकाबाट एक जना प्रतिनिधी माग गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखामा कार्यरत कर्मचारीहरुमध्येबाट एक जना कर्मचारीलाई पर्यवेक्षकको रुपमा खटाउन सक्नेछ ।

**३. ऐनको दफा ३८ (शिक्षकको नियुक्ति, बढुवा र सरुवा) मा दफा १ पछि देहायका उपदफा (१क), (१ख) र (१ग) थपिएको तथा उपदफा ३ र ४ को सट्टा देहायका उपदफा ३ र ४ राखिएको छ ।**

(१क) सामुदायिक विद्यालयले करार शिक्षक तथा विधालय कर्मचारीको नियुक्तिको लागि विज्ञापन गर्न विद्यालय व्यवस्थापन समितिले अनुमति माग गर्दा नगरपालिकाले १५ दिनको म्याद राखि विज्ञापन गर्न अनुमति दिनेछ ।यसरी नियुक्त भएका शिक्षक तथा विधालय कर्मचारीको अभिलेख नगरपालिकाले कायम गरि प्रचालित स्केल बमोजिमको तलब भता तथा अन्य सुविधाहरु उपलब्ध गराउनेछ ।

(१ख) विद्यालय व्यवस्थापन समितिले करार शिक्षक तथा विद्यालय कर्मचारी नियुक्तिको लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ :

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको सदस्य मध्ये एक जना - अध्यक्ष

नगरपालिकाको शिक्षा शाखाको प्रतिनिधि - सदस्य

सम्बन्धित विषयका विषयविज्ञहरु - सदस्य

सम्बन्धित विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(१ग) दफा३८(१) बमोजिम नियुक्त शिक्षकको म्याद बढिमा एक शैक्षिक सत्रको लागि हुनेछ । उक्त दरबन्दीमा शिक्षक सेवा आयोगबाट सिफरिस भई स्थायी शिक्षक आएमा स्वतः करार शिक्षक हट्नेछन ।

(३) नगरपालिका भित्र कार्यरत शिक्षक (स्थायी, अस्थायी, करार, अनुदानकोटा (राहत) वालविकास शिक्षक लगायत सवै प्रकारका शिक्षक) कर्मचारीहरुले नगरपालिका भित्रको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन चाहेमा नगरपालिकामा निवेदन दिनुपर्ने छ। नगरप्रमूखले प्रमुख प्रशासकीय अधिकृतको सिफारीसमा दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा सरुवा वा काज सरुवा गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा ५ वर्ष सेवा अवधि पुरा गरेका वा अनुगमनको क्रममा कार्य संतोषजनक नदेखिएका शिक्षक कर्मचारीहरूलाई नगरप्रमूखले प्रमुख प्रशासकीय अधिकृतको सिफारीसमा दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा नगरपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा वा काज सरुवा गर्न सक्नेछ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको सरुवा गर्दा सकभर स्थायी बसोबास गरेको वडा परिवर्तन हुने गरि रिक्त दरबन्दीमा गरिनेछ ।

**४. ऐनको दफा ४० को सट्टा देहायको दफा ४० राखिएकोछः-**

४०. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:-

(१) प्रत्येक सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ । नगरपालिकाले प्रत्येक सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु मध्येबाट बरिष्ट स्थायी शिक्षकलाई प्रधानाध्यापकको रुपमा नियुक्त गर्न सक्नेछ । यसरी प्रधानाध्यापकको नियुक्ति गर्दा विद्यालय विकास प्रस्ताव माग गरि नगरपालिकाले सम्झौता गरि बढीम पांच बर्षसम्मको लागि नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक सेवासर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) प्रधानाध्यापकको ब्यवस्था नभएसम्मको लागि विद्यालयमा कार्यरत शिक्षकहरु मध्येबाट बरिष्ठ शिक्षकलाई निमित्त प्रधानाध्यापक भई कामकाज गर्न नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा तोक्न सक्नेछ ।

आज्ञाले
महमद शेरे मुस्तफा
प्रमुख प्रशासकीय अधिकृत
बहुदरमाई नगरपालिका,पर्सा